नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.............................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरबार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

माननीय कानून,न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्ग र नेपालका लागि अष्ट्रेलियाका राजदूत महामहिम Ms. Felicity Volk का बीच आज मिति २०८० साल जेठ २५ गते बिहीबार कानून,न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो।

भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपाल र अष्ट्रेलिया बीच लामो र प्रगाढ सम्बन्ध रहेको कुरा उल्लेख गर्दै नेपालमा अष्ट्रेलिया सरकारले पूर्वाधार विकासका साथ साथै सामाजिक ,आर्थिक, न्यायिक र सुशासनको क्षेत्रमा गरेको सहयोग र सहकार्यका लागि धन्यवाद दिनुभयो। भेटका क्रममा माननीय मन्त्रीज्यूले संक्रमणकालीन न्याय प्रक्रियालाई जतिसक्दो चाँडो निष्कर्षमा पुर्याउन नेपाल सरकार प्रयासरत रहेको व्यहोरा जानकारी गराउनुभयो।

भेटका क्रममा महामहिम राजदूत Ms. Felicity Volk ले नेपाल पुरानो मित्र राष्ट्र भएको स्मरण गर्दै नेपालको आर्थिक,सामाजिक,शैक्षिक र पूर्वाधार विकासका क्षेत्रमा अष्ट्रेलिया सरकारले विभिन्न कार्यक्रम गरिरहेको र आगामी दिनमा समेत सहयोग र सहकार्य गर्ने धारणा व्यक्त गर्नुभयो । नेपालीहरुको प्रमुख शैक्षिक गन्तव्य अष्ट्रेलिया रहेको र नेपालीहरुको अध्ययन एवम् रोजगारीका लागि अझ सहज वातावरण निर्माण गर्न पहल गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । साथै नेपाली जनशक्तिले अष्ट्रेलियामा आर्जन गरेको ज्ञान र सीपलाई नेपालको विकासमा सदुपयोग गर्ने वातावरण निर्माणमा नेपाल सरकारले उल्लेख्य कार्य गर्नुपर्ने र प्राप्त ज्ञान र सीपलाई नेपालको विकास निर्माणमा प्रयोग गर्न सकेको खण्डमा मात्र दिगो विकास हुने धारणा समेत व्यक्त गर्नुभयो ।

मिति : २०८०।०२।२५

(फणिन्द्र गौतम)
सहसचिव एवम् प्रवक्ता